सोलुदुधकुण्ड नगरपालिका, कोशी प्रदेश

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

स्थानीय राजपत्र

खण्ड : ६ | संख्या : ५ | मिति : २०८०।११।०१


# भाग- २


सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल


राजपत्रमा प्रकाशित मितिः २०८०।११।०१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१०।२४

## स्वास्थ्य उपचार तथा विपद् सम्बन्धी आर्थिक सहायता कार्यविधि, २०८०

**प्रस्तावाना:**

सोलुदुधकुण्ड नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने असहाय, अपाङ्ग, दुर्घटना भई गम्भिर स्वास्थ्य समस्या भएका, आर्थिक रुपमा विपन्न नागरिक साथै नगरपालिका अन्तर्गतका जनप्रतिनिधि र कर्मचारीहरुलाई कडारोग लागि असहज परिस्थिति उत्पन्न भई स्वास्थ्य सेवा लिन कठिनाई हुन नदिन साथै प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट सर्वसाधारणको जीउज्यान, निजी सम्पतिमा क्षति भई उत्पन्न हुने समस्या न्यूनिकरण गर्न आर्थिक सहायता उपलब्ध गराई स्थानीय सरकार मार्फत जनतालाई संविधान वमोजिम मौलिक हकको प्रत्याभूति गराउन बाञ्छनिय भएकोले,

नेपालको संविधान २०७२ को धारा ३५ को उपदफा १ बमोजिम नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउन र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ:**(क)यस कार्यविधिको नाम " स्वास्थ्य उपचार तथा विपद् सम्बन्धी आर्थिक सहायता कार्यविधि, २०८०" हुनेछ।

(ख) यो कार्यविधि नगरकार्यपालिका बैठकबाट स्वीकृत भइ राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क)"**कडारोग**" भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर,पार्किन्सनस ,अलजाईमरस् ,स्पाईनल इन्जुरी, हेड इन्जुरी सिकलसेल एनिमिया, कडा मष्तिष्क पक्षघात ( cerebral paralysis) र फोक्सो सम्बन्धी कडा रोगहरु सम्झनु पर्छ।

(ख) "**नगरपालिका**" भन्नाले सोलुदुधकुण्ड नगरपालिकालाई सम्झनु पर्छ।

(क)**"विपद्"** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक तथा गैर प्राकृतिक विपत सम्झनु पर्दछ ।

(ख)**"प्राकृतिक विपद्"** भन्नाले हिमपात, हिमताल विष्फोटन, चट्याङ, भुकम्प, बाढी, पहिरो, हुरी बतास, हिम पहिरो, डढेलो वा यस्तै खालको अन्य प्राकृतिक जुनसुकै विपद् सम्झनु पर्दछ ।

(ग) **"गैर प्राकृतिक विपद"** भन्नाले महामारी, आगलागी, जनावर आतङ्क, अनिकाल, सुक्ष्म जीवाणु आताङ, हवाइ तथा सडक दुर्घटना, ग्याँस विष्फोटन, विकिरण वा रसायन चुहावट वा यस्तै खालको अन्य गैर प्राकृतिक विपद् सम्झनु पर्दछ ।

(घ) **"आर्थिक साहयता"** भन्नाले नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिक, निजमा आश्रित परिवारका सदस्यहरु, निर्वाचित पदाधिकारीहरु, तथा नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रदान गरिने आर्थिक सहायता सम्झनु पर्दछ ।

(ङ) **"नगरकार्यपालिका"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको कार्यकारी अंग सम्झनु पर्छ ।

(च) **"कोष"** भन्नाले नगरपालिकाको स्वास्थ्य उपचार तथा विपद् व्यवस्थापन कोष भन्ने सम्झनु पर्छ ।

(छ) **"समिति"** भन्नाले स्वास्थ्य उपचार तथा प्राकृतिक विपद् व्यवस्थापन कोष सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(ज) **"पदाधिकारी"** भन्नाले नगरपालिकाका निर्वाचित नगरप्रमुख, उपप्रमुख वडाअध्यक्ष, कार्यपालिका सदस्य, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्यलाई सम्झनु पदर्छ ।

(झ) **"नागरिक"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिक सम्झनु पर्दछ । यो शब्दले निज नागारिकको परिवारका आश्रित सदस्यलाई समेत जनाउँछ ।

(ञ) **"कर्मचारी"** भन्नाले सोलुदुधकुण्ड नगरपालिका नगरकार्यपालिकाको कार्यालय, शाखा, उपशाखा, नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(ड) **"नगरप्रमुख"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ ।

(ढ) **"नगर उपप्रमुख"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ण) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

**३. कोषको उद्धेश्य:**

यस कोषको उद्धेश्य नगरपालिकाका नागरिक ,पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुको संविधान प्रदत्त मौलिक हक तथा सहज मानव जीवनयापन प्रत्याभुति गर्नमा सघाउ पुर्याउन तथा तत्कालिन राहतको व्यवस्था गरी लोक कल्याणकारी राज्यको अवधारअवधारणा बमोजिम सामाजिक न्याय र सामाजिक सुरक्षाको दायित्व निर्वाह गर्नु रहेको छ।

**४. कोषमा जम्मा हुने रकम**

(क) सोलुदुधकुण्ड नगरपालिकाको नगर सभा र कार्यपालिका बैठक बाट स्वास्थ्य उपचार तथा विपद् व्यवस्थापन कोषमा विनियोजित रकम,

(ख) आर्थिक सहायताको लागि संघीय सरकार र प्रदेश सरकार बाट प्राप्त रकम,

(ग) गैर सरकारी संघ संस्था एवं दातृ निकायबाट आर्थिक सहायताको लागि हस्तान्तरण गरिएको रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम,

**५. स्वास्थ्य उपचार तथा विपद व्यवस्थापन कोष सन्चालक समिति**

यस कोषको सन्चालक समिति देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | नगर उपप्रमुख | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | सम्बन्धी वडाको वडा अध्यक्ष | सदस्य |
| ५. | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**६. सञ्चालक समितिको बैठक:**

(क) समितिको बैठक आवश्यकत्ता अनुसार बस्नेछ।

(ख) समितिमा संयोजक सहित ३ जना उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

(ग) समितिको बैठक बसे वापत महिनाको बढीमा एक पटकको नियम अनुसार भत्ताको व्यवस्था गर्न सकिने छ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

परिच्छेद -२

**७ आर्थिक सहायता सम्बन्धी मापदण्ड**

(१) स्वास्थ्य उपचारको लागि आर्थिक सहायता प्राप्त गर्नका लागि नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिक, नगरपालिका कर्मचारी तथा जनप्रतिनिधिहरुले निम्न लिखितका आधार खुल्ने कागज पत्र सहित निवेदन पेश गर्न पर्नेछ।

(क) वडाको स्थायी बासिन्दा र आर्थिक अवस्था विपन्न भएको प्रमाण खुल्ने गरी वडाको सिफारिस पत्र पेश गर्नु पर्नेछ,

(ख) अस्पतालमा उपचार गराउदाँ चिकित्सकले लेखेको विरामी पूर्जाको प्रतिलिपि,

(ग) दफा २ को उपदफा (क) बमोजिम कडा रोग लागेको हो भनी उपचारत अस्पतालको सिफारस पत्र,

(घ) नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि र नावालकको हकमा जन्मदर्ताको प्रतिलिपि,

(ङ) कर्मचारीको हकमा दफा ७ (१) को उपदफा (ख) (ग) आधार खुल्ने कागजपत्र सहित प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी प्रमाणित कागजपत्र,

(२) विपद् सम्बन्धी आर्थिक सहायता प्राप्त गर्नका लागि नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकले निम्न आधार खुल्ने कागजपत्र सहित निवेदन पेश गर्नु पर्नेछ।

(क) वडाको स्थायी बासिन्दा भएको प्रमाण खुल्ने गरी वडाको सिफारिस पत्र पेश गर्नु पर्नेछ,

(ख) बाढी पहिरो, आगलागी, चट्याङ, जनावार आतङ्क, सडक तथा हवाइ दुघर्टना भएको अवस्थामा प्रहरी सर्जिमन मुचुल्का ,

(ग) गैर प्राकृतिक विपद् तथा प्राकृतिक विपद् संग सम्बन्धीत कृषि , पशु,स्वास्थ्य लगायत सम्बन्धित शाखाबाट स्थलगत अवलोकन प्रतिवेदन,

(घ) नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि र नावालकको हकमा जन्मदर्ताको प्रतिलिपि,

(३) आर्थिक सहायता प्राप्त गर्नका लागिआवश्यक कागजपत्र सहित निवेदन पेश गर्नु पर्नेछ।

**८. स्वास्थ्य उपचार तथा विपद् सम्बन्धी आर्थिक साहयता प्राप्त गर्ने प्रक्रिया:**

(क) आवश्यक कागजपत्र सहित अनुसुचि १ बमोजिमको ढाँचमा निवदेन नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

(ख) तोक आदेश र दर्ता पश्चात सम्बन्धित शाखाले आवश्यक कागजपत्र र कार्यविधि अनुसारको हो होइन राय प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिने छ।

(ग) सम्बन्धित शाखाको राय सहित प्रमुख प्रशासकीय अधिकृतले पेश गरे पश्चात नगर प्रमुखले अवस्था हेरी रु ५ हजार देखि २५ हजार सम्मको आर्थिक सहायताको निर्णय गर्नेछ।

(घ) नगर प्रमुखको निर्णय अनुसार आर्थिक प्रशासन शाखाले कार्य गर्नेछ।

(ङ) पच्चीस हजार भन्दा माथि आर्थिक सहायता गर्नु पर्ने अवस्थामा स्वास्थ्य उपचार तथा विपद् व्यवस्थापन कोष सन्चालक समितको बैठक बसि आवश्यक कागजपत्र माथि थप अध्ययन गरी आर्थिक सहायता उपलब्ध गराउन नगरकार्यपालिकामा सिफारिस गर्नेछ।

(च) स्वास्थ्य उपचार तथा विपद् व्यवस्थापन कोष सन्चालक समितको सिफारिस अनुसार नगरकार्यपालिकाले अधिकतम रु एक लाख सम्म आर्थिक सहायताको निर्णय गर्न सक्नेछ।

**परिच्छेद ३**

**९. विविध**

१. अधिकार प्रत्योजन गर्न सकिनेः यस कार्यविधि अनुसार नगर कार्यपालिका र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्योजन गर्न सक्नेछ।

२. निवदेनको ढाँचाः स्वास्थ्य उपचार तथा विपद् सम्बन्धी आर्थिक सहायता माग गर्नका लागि आवश्यक कागजपत्र सहित दिनु पर्ने निवेदनको ढाँचा अनुसूचि - १ बमोजिम हुनेछ।

३. स्वास्थ्य उपचार तथा विपद् व्यवस्थापनका लागि आथिर्क सहायताको सिमा र समयावधिः

(क) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष परिस्थिति बाहेक अन्य अवस्थामा आर्थिक सहायता उपलब्ध गराउदा रु २० हजार भन्दा बढी रकम उपलब्ध गराउने छैन।

(ख) यस कार्यविधि बमोजिम एक पटकको स्वास्थ्य उपचार तथा विपद् सम्बन्धी आर्थिक सहायता पाएको व्यक्तिलाई एक वर्ष भित्र सोही विषयमा पुनः आर्थिक सहायता दिइने छैन।

(ग) संशोधनःस्वास्थ्य उपचार तथा विपद् व्यवस्थापन कोष आर्थिक सहायता सन्चालन समितिको सिफारिसमा प्रचलित कानुनको प्रतिकुल नहुने गरि यस कार्य विधिको संशोधन नगरकार्यपालिकाले गर्न सक्नेछ।

(घ) बाधा अड्काउ फुकाउनेः स्वास्थ्य उपचार तथा विपद् व्यवस्थापन कोष सन्चालनमा कुनै बाधा अड्काउ तथा समस्या आएमा यसको बाधा अड्काउ फुकाउने अधिकार नगरकार्यपालिकामा रहने छ।

नगरकार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

अनुसूचि- १ निवेदनको ढाँचा

आज्ञाले,
कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत

नगर ...कुण्ड नगरपालिका
कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल